निर्णय नं. १:

नेपाल मा. वि. मा कार्यरत स्थायी शिक्षक चितवन जिल्ला र.न.पा. वडा नं. १३ बस्ने वर्ष ५० का गंगा बहादुर आलेले नगरपालिका कार्यालयको शिक्षा समेतका विरुद्धमा सम्मानित उच्च अदालत पाटन, हेटौंडा इजलासमा दर्ता गरेको ०७७-WO-१९ को उत्प्रेषणयुक्त निषेधाज्ञा मिश्रित परमादेश मुद्धामा रत्ननगर नगरपालिका कार्यालयको नगर शिक्षा अधिकारी र नगर शिक्षा शाखाको नाउँमा १५ दिने म्याद मिति २०७७।०८।१० मा तामेल भएकाले उक्त तामेली मितिले म्यादभित्र लिखित जवाफ दर्ता गरी तारेखमा रही मुद्धाको पुर्पक्ष गर्न र सम्मानित अदालतको मिति २०७७।०८।०४ को आदेश वमोजिम मिति २०७७।०८।१६ को पेशीमा उपस्थित भई आवश्यक कार्यार्थ खटाउन र उक्त मुद्धामा रत्ननगर नगरपालिका शिक्षा शाखाको तर्फबाट उपस्थित भई तारिख लिई पुर्पक्षमा रहन यसै कार्यालयका शाखा अधिकृत (अधिकृत आठौं तह) श्री राजेन्द्र प्रसाद बराललाई अख्तियार दिने निर्णय गरियो ।

निर्णय नं. २:

पूर्वाधार विकास समितिबाट पेश भएका तपसिल वमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. यस रत्ननगर नगरपालिकाको टाँडीचोक-नविनचोक-डुम्रीचोक हुँदै कालिका नगरपालिका सिमाना जोड्ने सडकको सडक अधिकार क्षेत्र तोकदा एकरुपता नभई वडा वडामा अलग अलग सडक अधिकार क्षेत्र हुँदा कार्यान्वयनमा जटिलता देखिएकोले सो सडकलाई अव उप्रान्त १६ मिटर सडक अधिकार क्षेत्र कायम गर्ने ।

ख. आ. व. २०७७।०७८ मा स्वीकृत विपन्न वस्ती बाटो तथा मोज्याक टायल निर्माण शिर्षकमा विनियोजित रकमबाट वडा नं. ५ को नगर स्वास्थ्य केन्द्रमा मोज्याक टायल र कम्पाउण्डवाल निर्माणको लागि रु. २,००,०००।- (दुई लाख) विनियोजन गर्ने ।

ग. रत्ननगर वडा नं. ९, गणतान्त्रिक मार्ग कालोपत्रेको लागि रु. १५०,०००।- (एक लाख पचास हजार) विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गर्ने ।

घ. पुराना घरहरुको घर नक्सा अभिलेखिकरण सम्बन्धमा तपसिल वमोजिम गर्ने ।

अ. २०७२ साल मंसीर पूर्व नै साविक बछ्यौली तथा पिठुवा गा.वि.स. मा निर्माण भएका घरहरुको सम्बन्धमा निम्नानुसार प्रकृया पुऱ्याई घर नक्सा अनुमोदन तथा सूचिकृत गर्ने ।

१. साविक गा. वि. स. हुँदा बनेका घरलाई यथास्थितिमा जे जस्तो अवस्थामा छ सोही अवस्थाको घर पछि थप विस्तार नगर्ने सर्तनामा राखी अनुमोदन तथा सूचिकृत प्रकृयामा लैजाने ।

२. यस्ता घरहरुको हकमा २०७२ साल पूर्व नै निर्माण भएको हो भन्ने वडाको सिफारिस अनिवार्य समावेस गर्ने ।

३. यस्ता घरहरुको हकमा न. पा. विस्तार संगै विभिन्न अवधिमा राजश्व छुट सुविधा सहित आव्हान भई २०७५ श्रावणसम्म आव्हान भएकोमा सो समयसम्म नक्सापास अनुमोदन प्रकृयामा नआई विविध कारणले छुट भएका घरहरुलाई शुरु घर नक्सापास गर्दा लाग्ने हालको दस्तुरमा थप १००% दस्तुर थप राजश्व लिई अन्तिम पटकका लागि घर नक्सा अनुमोदन तथा सूचिकृत प्रकृयामा लैजाने ।

४. अव उप्रान्त यस्तो छुट नदिने गरी अन्तिम पटकका लागि यस आ.व. २०७७ चैत्र मसान्तसम्मका लागि माथि उल्लेखित प्रकृया पुरा भै आएमा घर नक्सा अनुमोदन तथा सूचिकृत प्रकृयामा लैजाने ।

५. नगर क्षेत्रका २०७२ साल अघि बनेका पुराना घर र त्यस पछि मापदण्ड पुरा गरी बनेका घरहरुको अभिलेखिकरण गर्ने ।

ख. २०७२ साल मंसीर पछि साविका पिठुवा तथा बछ्यौली गा.वि.स. र साविक रत्ननगर न.पा. गठन पछि घर नक्सा पास नगराई निर्माण भएका घरहरुको सम्बन्धमा निम्नानुसार प्रकृया पुऱ्याई घर नक्सा अनुमोदन तथा सूचिकृत गर्ने ।

१. यस नगरपालिकाको नगर क्षेत्रभित्र नगरपालिका गठन तथा नगरपालिका विस्तार पश्चात घर नक्सापास गरी घर निर्माण गर्नु पर्ने अधिकाँश नगरवासीले घर नक्सा पास गरी निर्माण गरेको भएता पनि केहि नगरवासीले विविध कारणवस घर नक्सा पास नगरी घर निर्माण गरेको सन्दर्भमा त्यस्ता घरहरु यही २०७७ चैत्र मसान्तसम्मका लागि अन्तिम समय (म्याद) दिई निर्माण भएका घरहरुको घर नक्सा अनुमोदन तथा सूचिकृत प्रकृयामा समावेश गराउने यसरी सूचिकृत गरिने घरहरुका लागि तपसिलको व्यवस्था लागु गर्ने ।

क. वडाबाट नगरपालिका क्षेत्र विस्तार भै नगरपालिका भए पश्चात बनेका तथा नगरपालिका भए पश्चात बनेको भनि प्रमाणित सिफारिस समावेश हुनु पर्ने ।

ख. यस्ता घरको राजश्व लिदा सुरु राजश्वमा लाग्ने दस्तुरको थप २००% दस्तुर थप गरी यस्तो घर नक्सा अनुमोदन तथा सूचिकृत प्रकृयामा समावेश गर्ने ।

ग. यस्ता घरलाई नक्सापास अनुमोदन तथा सूचिकृत गर्दा घरको जे जस्तो अवस्थामा छ सो भन्दा माथि थप्न

जोखिम देखिएका घरहरुलाई अव उप्रान्त कुनै किसिमको संरचना नवढाउने गरी नक्सा अनुमोदन गर्दा अनिवार्य शर्तनामा लागु गर्ने ।

घ. यस अन्तिम अवधि लाई पूर्ण अन्तिम अवधि कायम गरी त्यसपछि पनि कुनै पनि नागरिकले गैरकानुनी रुपमा नक्सापास नगराई घर बनाउने, तला थप्ने गरेको पाईएमा त्यस्ता घर धनीलाई नगरपालिकाबाट दिईने कुनै पनि सेवा सुविधाहरु पूर्णरुपमा वन्देज गर्ने ।

**निर्णय नं. ३ :**

महिला हिंसा विरुद्धको १६ दिने अभियान नगरपालिकाको सवै संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

क. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको व्यबस्थापन गर्ने प्रयोजनार्थ तपसिल वमोजिम **"नगर स्तरिय भूमि सम्बन्धी समस्या समाधान सहजिकरण समिति"** गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक – नगर प्रमुख श्री नारायण वन
२. सदस्य – नगर उप प्रमुख श्री विमला देवी दुवाडी
३. सदस्य - ने.क.पा. पार्टी प्रतिनिधी
४. सदस्य - ने.का. पार्टी प्रतिनिधी
५. सदस्य - ज.स.पा. पार्टी प्रतिनिधी
६. सदस्य – कार्यपालिका सदस्य श्री सरस्वती लामा
७. सदस्य – कार्यपालिका सदस्य श्री रीता बि.क.
८. सदस्य – वडा नं १४ सदस्य श्री गिता दाहाल (भूमि सम्बन्धी संस्थाबाट)
९. सदस्य – भूमि आवास लगायतका क्षेत्रमा काम गरिरहेका संस्थाको प्रतिनिधी
१०. सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

ख. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको व्यबस्थापन गर्ने प्रयोजनार्थ तपसिल वमोजिम **"वडा स्तरिय भूमि सम्बन्धी समस्या समाधान सहजिकरण समिति"** गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक - वडा अध्यक्ष
२. सदस्य - वडा सदस्य
३. सदस्य - वडा सदस्य
४. सदस्य - वडा सदस्य
५. सदस्य - वडा सदस्य
६. सदस्य - भूमि आवास लगायतका क्षेत्रमा काम गरिरहेका संस्थाको महिला प्रतिनिधी (वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखबाट मनोनित)
७. सदस्य - भूमि आवास लगायतका क्षेत्रमा काम गरिरहेका संस्थाको प्रतिनिधी (वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखबाट मनोनित)
८. सदस्य सचिव - वडा सचिव

**निर्णय नं. ५:**

श्री Kunha International Organic Fertlizer Manufacturing Industry Pvt. Ltd ले यस रत्ननगर नगरपालिका वडा नं. १६ मा रहेको पर्ति जग्गामा शतप्रतिशत अर्गानिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्नका लागि वार्षिक प्रति विघा रु. ४०,०००।- (चालिस हजार) का दरले नगरपालिकालाई भाडा बुझाउने गरी २५ वर्षका लागि भाडामा (लिज) लिने प्रस्ताव गरेकोमा स्थानिय रोजगार, पर्ति जग्गा उपयोग र स्थानीय श्रोत व्यवस्थापनको लागि उक्त कयर खोला नदी किनारमा रहेको पूर्वमा कयरखोला, पश्चिममा गणेश विक्रम नेपाल लगायत, उत्तरमा गोपी श्रेष्ठ र वीर बहादुर तमाङ्ग र दक्षिणमा ऐलानी जग्गा चारकिल्लाभित्रको तारबार भएको करिब २–१०–० (दुई विगाहा १० कठ्ठा)

सार्वजनिक पर्ति जग्गा प्रति विगाहा बार्षिक रु. ६०,०००।०० (साठ्ठी हजार मात्र)का दरले वातावरणीय हिसावले प्रतिकुल प्रभाव नपर्ने गरी भाडामा उपयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

संस्थागत विद्यालयमा शुल्क निर्धारण गर्ने सम्बन्धमा नगर शिक्षा समितिको बैठकबाट निर्णय भई सिफारीस भए वमोजिमको शुल्क निर्धारण गर्ने र सो को कार्यान्वयनका लागि वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

सौराहा सामुदायिक पुस्तकालय निर्माणका लागि लाग्ने घरनक्सा रजिष्ट्रेसन दस्तुर रु. ६०,०००।- (साठी हजार) छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ८:**

यस नगरपालिका भित्रका कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरुको व्यवस्थापन समितिको म्याद समाप्त भएको हुँदा कोभिड-१९ को कारणबाट समयमै अभिभावक भेला बोलाउन असहज अवस्था भएकोले विद्यालयहरुको व्यवस्थापन समितिको म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी ३(तीन) महिना (आगामी नगर सभाबाट अनुमोदन गराउने गरी) म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यस नगरपालिकामा संचालन हुने गरिवी निवारणका लागि उद्यमशिलता विकास कार्यक्रम (मेड्पा) मा उद्यम विकास सहजकर्ता सेवा करारमा लिनका लागि उद्यम विकास सहजकर्ता छनौट मापदण्ड २०७७ स्वीकृत गर्ने र सो कार्यक्रम संचालनको लागि आवश्यक कर्मचारी सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. १०:**

राष्ट्रिय परिचय पत्र वितरणमा नगरपालिकाको तर्फबाट आवश्यक सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

सवै वडामा रहेको सार्वजनिक जग्गाको पहिचान र लगत संकलन गर्ने सम्बन्धमा सवै वडामा लगत संकलन र उक्त जग्गाहरुमा अतिक्रमण तथा खनजोत हुन नदिन रोकथामका लागि अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२:**

यस नगरपालिकाको विभिन्न वडाहरुको निम्न ६ स्थानमा रहेको सार्वजनिक जग्गामा निम्न अनुसारको संरचना सार्वजनिक उपयोगको लागि निर्माण गर्ने निर्णय गरियो ।

| वडा नं. | विवरण | कैफियत |
|---|---|---|
| ५ | कांग्रेसचोक (गर्दा टोल) मा बसबिसौनी | ३ कठ्ठा |
| | जनकौली जलपादेवी टोल निर्माणाधिन विउ प्रशोधन केन्द्रको बाँकी रहेको जग्गामा गोदामघर निर्माण | |
| ७ | मैनाहाको सार्वजनिक जग्गामा सुविधा सम्पन्न पर्यटकीय बसपार्क निर्माण । | |
| | सिसुवारको सार्वजनिक जग्गामा बालउद्यान निर्माण । | |
| | बद्रहनीको डुङ्गाघाटदेखि पश्चिमको सार्वजनिक जग्गामा वाटरकिङ्डम । | |
| ८ | मनहराको ग्राउण्ड खेलमैदान | २ विगाहा |
| | ब्रम्हस्थान युवाक्लवको जग्गामा वाटरकिङडम् | ४ विगाहा |
| | चित्रसेन बाबा मन्दिर | १ विगाहा |
| १० | बगैंचाटोलको कि.नं. ९९८१०० को जग्गामा बाल उद्यान | |
| | टिकौलीमा रक्त संचार अनुसन्धान केन्द्र (NRN सँग सहकार्य) | |
| १२ | घेघौलीमा पार्क निर्माण | २ विगाहा |
| १३ | शिवालय मन्दिर उत्तर तर्फको बुढीकुलो चौरमा बालउद्यान निर्माण | १० कठ्ठा |

| | | |
|---|---|---|
| १५ | रामकृष्ण मन्दिर पश्चिम (विन्देश्वरी र दिग्दर्शनको सिमानामा) खेल मैदान | १ विगाहा |
| | कागेश्वर टोलमा कागेश्वर मन्दिरको समिफेद भन्दा उत्तर तर्फ जेष्ठ नागरिक विश्रामस्थल | १२ कट्ठा |
| | कागेश्वर टोलको समिफेदमा कागेश्र महादेव मन्दिर निर्माण | ५ कट्ठा |
| | दिग्दर्शन टोलको सामुदायिक भवन भन्दा उत्तरमा बाल उद्यान | १० कट्ठा |